Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD: 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४३ | वि.सं. २०८३ भदौ १९ शुक्रवार | नेपाल संवत्: ११४५, भाद्र कृष्ण अष्टमी | Friday 4 September 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## रसुवाको विनासकारी बाढी

# अझै खुलेनन् थुनिएका हाइड्रो पावरका सुरुङ

**जलविद्युत्का क्षेत्रमा काम गर्ने परामर्शदाता कम्पनीले उद्धारको अनुमति मागेका थिए । भारत, चीन, कोरिया लगायतका देशले पनि सुरुङ उद्धारमा चासो देखाएका थिए । तर, तीन दिनसम्म पनि सरकारले न विदेशी सहयोग लिने विषयमा निर्णय लियो, न त हाइड्रोपावर प्रवर्द्धक तथा परामर्शदाता कम्पनीलाई नै आयोजनास्थलमा जान अनुमति दिन सक्यो । सरकारले आयोजानका प्रवर्द्धक र परामर्शदाता कम्पनीलाई उद्धारको अनुमति समयमै नदिदा सुरुङमा फसेकाहरु जिवित फर्कने आशा भने अब साघुरो बन्दै गएको छ ।**



**ओम शाही**
**सुर्खेत, १८ भदौ ।**

भोटेकोसी नदीमा १० भदौमा आएको विनाशकारी भीषण बाढीपछि जलविद्युत् आयोजनामा फसेका व्यक्तिहरूको उद्धार कार्य जारी राखिएको छ । तर, बाढी आएको आठ दिनसम्म पनि हाइड्रोपावरका सुरुङमा फसेकाहरूको उद्धारमा प्रगति हुन सकेको छैन । ढिलो गरी सुरु भएको उद्धार कार्यमा नेपाली सेनासँगै भारतीय र चिनियाँ सुरुङ उद्धारकर्मीहरुको संयुक्त टोली संलग्न छन् ।

छिमेकी देशका अनुभवी सुरुङ विज्ञहरूले बन्द भएका सुरुङका मुख खोल्ने प्रयास जारी राखेका छन् । तर, समय घर्कंदै जादा सुरुङमार्गमा थुनिएकाहरू जीवित फर्कने सम्भावना टर्दै गएको छ । भोटेकोसीको विनाशकारी बाढीपछि सकारले नदी तटीय क्षेत्रमा उद्धारको कार्यलाई युद्धस्तरमा अघि बढाए पनि हाइड्रोपावर क्षेत्रमा फसेकाको उद्धारमा भने गम्भीरताका साथ चासो लिन सकेन ।

बाढीले जलविद्युत्को टनेल थुनेपछि तत्काल विदेशी सहयोग लिएर भए पनि उद्धार कार्य अघि बढाउन सरकारलाई दबाब दिइएको थियो । जलविद्युत्का क्षेत्रमा काम गर्ने परामर्शदाता कम्पनीले उद्धारको अनुमति मागेका थिए । भारत, चीन, कोरिया लगायतका देशले पनि सुरुङ उद्धारमा चासो देखाएका थिए । तर, तीन दिनसम्म पनि सरकारले न विदेशी सहयोग लिने विषयमा निर्णय लियो, न त हाइड्रोपावर प्रवर्द्धक तथा परामर्शदाता कम्पनीलाई नै आयोजनास्थलमा जान अनुमति दिन सक्यो ।

हाइड्रोपावर प्रवर्द्धक कम्पनीहरूले सुरुङभित्र थुनिएकाको तत्काल उद्धार गरिए जीवित रहने सम्भावना बढी हुने भन्दै अफुहरुलाई उद्धार अनुमति दिन सरकारसँग सुरुदेखि नै अनुरोध गर्दै आएका थिए । तर, सरकारले सुनुवाइ नगरेको लाङटाङ खोला जलविद्युत् आयोजनाका महाप्रबन्धक विजयमोहन भट्टराई बताउँछन् । उनले परामर्शदाता कम्पनीको

बाँकी ३ पेजमा

## संसदमा सरकारको चर्को आलोचना

बाढीबाट प्रभावित क्षेत्रका हाइड्रो पावरमा उद्धार गर्न असफल भएपछि संघीय संसदमा सरकारको चर्को आलोचना भएको छ । बिहिबारको संसद बैठकमा बोल्ने अधिकांश सांसदले सुरुङ उद्धारमा सरकारले प्रभावकारी भूमिका निभाउन नसकेको भन्दै आलोचना गरे । सरकारको विरोध गर्नेमा सत्ता पक्षकै सांसद पनि छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कासंसदीय दलका नेता ज्ञानबहादुर शाही (ज्ञानेन्द्र) ले जलविद्युत आयोजनाबाट जीवित व्यक्तिहरूको उद्धार गर्न नसकेको भन्दै सरकारको आलोचना गरेका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले सरकारले अहिलेसम्म पनि संवेदनशील भएर सुरुङ खोल्न प्रयास नगरेको उनको आरोप लगाए । सांसद शाहीले बाढीग्रस्त क्षेत्रका सात टनेलमध्ये पाँच वटा टनेलमा कुनै काम नगरेको दाबी गरे ।

'सबै गरिसक्यो भनेर सामाजिक सञ्जालमा हल्ला गरिएको छ । तर, ७

बाँकी ४ पेजमा

# कोहलपुरका १३ निष्क्रिय सहकारीको दर्ता खारेजी हुँदै

**सरला सुवेदी**
**कोहलपुर, १८ भदौ ।**

बाँकेको कोहलपुर नगरपालिकाले लामो समयदेखि निष्क्रिय रहेका १३ वटा सहकारी संस्थाको दर्ता खारेजी प्रक्रिया अघि बढाएको छ ।




नगरपालिकाका अनुसार ती सहकारी संस्थाले लामो समयदेखि कारोबार सञ्चालन नगरेको, नियमित साधारणसभा नगरेको तथा वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनलगायत कानुनले तोकेका आवश्यक विवरण नगरपालिकामा पेश गरेका छैनन् । कतिपय सहकारीको कार्यालयसमेत सञ्चालनमा नरहेको र पटकपटक सम्पर्क गर्दा सञ्चालक तथा पदाधिकारी सम्पर्कमा नआएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको उद्योग, सहकारी तथा उपभोक्ता हित संरक्षण उपशाखाले सार्वजनिक गरेको सूचनामार्फत सम्बन्धित सहकारीलाई ३५ दिनभित्र आवश्यक कागजातसहित कार्यालयमा उपस्थित भई संस्था अद्यावधिक गर्न अन्तिम मौका दिएको छ । तोकिएको अवधिभित्र आवश्यक प्रक्रिया पूरा नगरे कानुनबमोजिम दर्ता खारेजी प्रक्रिया अघि बढाइने नगरपालिकाले स्पष्ट पारेको छ ।

नगर प्रमुख पूर्णप्रसाद आचार्यका अनुसार निष्क्रिय सहकारीलाई पटक पटक ताकेता गर्दा पनि संस्था सञ्चालनमा ल्याउने वा आवश्यक विवरण अद्यावधिक गर्ने काम नभएपछि दर्ता खारेजीको प्रक्रिया अघि बढाइएको हो । लामो समयदेखि साधारणसभा नगरेका, वार्षिक तथा लेखापरीक्षण प्रतिवेदन नबुझाएका र कानुनअनुसार पेश गर्नुपर्ने अन्य विवरणसमेत नबुझाएका सहकारीलाई कारबाहीको प्रक्रियामा ल्याइएको उनले बताए ।

आचार्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कोहलपुर नगरपालिकाको सहकारी ऐन, २०७४ मा भएको व्यवस्थाअनुसार प्रक्रिया अघि बढाइएको जानकारी दिए। नगरपालिकाले सार्वजनिक गरेको सूचनामा संघीय सहकारी ऐन, २०७४ को व्यवस्थासमेत उल्लेख गर्दै लगातार दुई वर्षसम्म कारोबार नगरेका वा कानुनबमोजिम बुझाउनुपर्ने विवरण नबुझाएका सहकारीको दर्ता खारेज गर्न सकिने व्यवस्था रहेको जनाएको छ ।

**यी हुन् दर्ता खारेजी प्रक्रियामा रहेका १३ सहकारी**

नगरपालिकाका अनुसार दर्ता खारेजी प्रक्रियामा रहेका सहकारीमा सफल पशुपन्छी सहकारी संस्था लिमिटेड, हाम्रो गौरव कृषि सहकारी संस्था लिमिटेड, चौतारी महिला कृषि सहकारी संस्था लिमिटेड, जुनतारा सशक्तीकरण कृषि सहकारी संस्था लिमिटेड रहेका छन् ।

त्यसैगरी जनक शिक्षा कृषि सहकारी संस्था लिमिटेड, जय ठाकुरबाबा कृषि सहकारी संस्था लिमिटेड, कौशिलनगर कृषि सहकारी संस्था लिमिटेड, कनकासुन्दरी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, जुनी कृषि सहकारी संस्था लिमिटेड, नव किसान कृषि सहकारी संस्था लिमिटेड, फुलबारी कृषि सहकारी संस्था लिमिटेड, मिलिजुली महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड र फुलबारी महिला प्राङ्गारिक सहकारी संस्था लिमिटेड रहेका छन् ।

नगरपालिकाले सार्वजनिक गरेको सूचनामा ती सहकारीका कोपोमिसमा उल्लेखित ठेगानासमेत समावेश गरिएको छ । सूचीमा रहेका सहकारी कोहलपुर नगरपालिकाका विभिन्न वडामा दर्ता भएका छन् ।

नगरपालिकाले तोकिएको ३५ दिनभित्र सम्बन्धित सहकारीका सञ्चालक तथा पदाधिकारीलाई आवश्यक कागजातसहित सम्पर्कमा आएर संस्था अद्यावधिक गर्न आग्रह गरेको छ । निष्क्रिय सहकारीलाई नियमनको दायर ा गरिएको छ ।






## सम्पादकीय....

# असारको हतारोमा कर्णालीको विकास

कर्णाली प्रदेश सरकारको बजेट खर्च प्रणाली वर्षभरि सुस्ताउने तर, आर्थिक वर्षको अन्त्यमा मारामार गर्ने प्रवृत्ति संस्थागत हुँदै गएको छ। आर्थिक वर्ष सुरु भएको महिनौँसम्म बजेट कार्यान्वयनमा गति नदेखाउने, अनि वर्ष सकिन लाग्दा खर्चको चाप बढाउने प्रवृत्ति कर्णाली प्रदेश सरकारका लागि नयाँ होइन। तर, प्रदेश स्थापना भएको नौ वर्ष बितिसक्दा पनि यो प्रवृत्तिमा सुधार नआउनु सामान्य कमजोरी मात्र होइन, सरकारको कार्यक्षमतामाथिको गम्भीर प्रश्न हो। गत आर्थिक वर्ष २०८२/०८३ को पुँजीगत खर्चले यही वास्तविकता उजागर गरेको छ। साउनमा कुल पुँजीगत बजेटको ०.००२ प्रतिशत मात्रै खर्च भएको थियो। चैत मसान्तसम्म नौ महिनामा जम्मा १७.१६ प्रतिशत खर्च पुग्यो। तर, असारमा मात्रै २२.८० प्रतिशत पुँजीगत बजेट खर्च भयो। वर्षभर खर्च भएको पुँजीगत बजेटको आधाभन्दा बढी हिस्सा असारमै खर्च हुनु आफैँमा बजेट कार्यान्वयन प्रणाली कति असन्तुलित छ भन्ने प्रमाण हो। यो कुनै एक वर्षको संयोग पनि होइन। तथ्यांक अनुसार पछिल्ला पाँच आर्थिक वर्षमा अन्तिम त्रैमासिकमा औसत ३७.२२ प्रतिशत चालु र ३८.१६ प्रतिशत पुँजीगत बजेट खर्च भएको छ।

आर्थिक वर्ष २०७९/८० मा त अन्तिम तीन महिनामा ४२.४२ प्रतिशत पुँजीगत बजेट खर्च भएको थियो। अर्थात् कर्णालीमा बजेट खर्च गर्ने संस्थागत अभ्यास नै वर्षान्तमा केन्द्रित हुँदै गएको छ। यसको अर्को पाटो अझ चिन्ताजनक छ। गत आर्थिक वर्ष पुँजीगत बजेट कार्यान्वयन ५५.७४ प्रतिशतमा सीमित हुँदा चालु खर्च ७३.४८ प्रतिशत पुगेको छ। प्रशासन चलाउने बजेट खर्च गर्न सक्ने तर, विकास निर्माणका लागि छुट्याइएको बजेट परिचालन गर्न नसक्ने अवस्था किन आयो ? यो प्रश्नको जवाफ सरकारले जनतालाई दिनुपर्छ। असारमा बजेट सक्नु र विकास गर्नु एउटै कुरा होइन। वर्षको अन्तिम समयमा हतारमा ठेक्का लगाउने, काम अघि बढाउने र भुक्तानी दिने प्रवृत्तिले योजनाको गुणस्तर, पारदर्शिता र प्रभावकारितामाथि प्रश्न उठाउँछ। यस्तो अभ्यासले बजेटलाई विकासको साधनभन्दा खर्चको अंक मिलाउने माध्यम बनाउने जोखिम हुन्छ। त्यसको प्रत्यक्ष असर नागरिकले पाउने सेवामा पर्छ। चालु आर्थिक वर्षको सुरुवात पनि विगतबाट पाठ सिकेको संकेत दिने खालको छैन। ३५ अर्ब ३९ करोड ८५ लाख रुपैयाँको बजेट ल्याएको सरकारले पहिलो महिनामा तीन करोड ७६ लाख ९५ हजार रुपैयाँ अर्थात् ०.१०६ प्रतिशत मात्रै खर्च गरेको छ।

सुरुवाती महिनामा खर्च कम हुनु अस्वाभाविक होइन। तर, विगतको वर्षान्तमुखी प्रवृत्ति नदोहोरिने सुनिश्चितता सरकारले गर्नुपर्छ। अब कर्णाली सरकारले कति खर्च भयो भन्ने प्रश्नबाट माथि उठेर कहिले, कसरी र कस्तो परिणामका लागि खर्च भयो भन्ने प्रश्नको सामना गर्नुपर्छ। आर्थिक वर्ष सुरु हुनुअघि नै योजना र खरिद प्रक्रिया तयार गर्ने, त्रैमासिक खर्च लक्ष्य तोक्ने, मन्त्रालयगत प्रगतिको नियमित समीक्षा गर्ने र कमजोर कार्यसम्पादन गर्ने निकायलाई जवाफदेही बनाउने प्रणाली आवश्यक छ। कर्णालीलाई विकासमा पछाडि पार्ने कारण स्रोतको अभाव मात्र होइन, उपलब्ध स्रोतको सही समयमा सही ठाउँमा परिचालन गर्न नसक्नु पनि हो। त्यसैले असारको हतारोमा बजेट सक्ने होइन, वर्षभरि योजनाबद्ध ढंगले बजेट खर्च गर्ने संस्कार विकास गर्नुपर्छ। वर्षान्तको खर्च बढ्नु उपलब्धि होइन; समयमै भएको गुणस्तरीय खर्च र त्यसबाट देखिएको परिणाम मात्रै सरकारको वास्तविक उपलब्धि हो। यसतर्फ सरकारले आगामी दिनमा ध्यान पुऱ्याओस्

# व्यावसायिकताको बाटोमा भलिबल



✍ राजु सिलवाल/रासस

नेपालमा हालैका वर्षमा खेलकुदमा व्यावसायिकता मौलाउदै गएपछि सम्बन्धित खेलका खेलाडीमा केही हदसम्म भए पनि राहतको महसुस हुन थालेको छ। नेपालमा खेलेर बाँच्न सकिने अवस्था नभएपछि वैदेशिक रोजगारका लागि विभिन्न खेलका प्रतिभाशाली खेलाडी विदेशिनेक्रम बढिरहेका अवस्थामा निजी क्षेत्रको सक्रियतामा खेलकुदका प्रतियोगिता हुन थालेपछि त्यसले सकारात्मक वातावरण सिर्जना गरेको छ। क्रिकेट, फुटबल, बास्केटबल, कबड्डी तथा भलिबलजस्ता खेलका खेलाडीले फ्रेन्चाइज लिगका कारण नेपालमै खेलेबापत पारिश्रमिक पाउनु व्यावसायिक अभ्यासको सुखद सङ्केत मानिएको छ।

यसैक्रममा नेपालमा विगत कैयौँ वर्षदेखि हिमालदेखि तराईसम्म लोकप्रिय मानिएको भलिबल अब खेलमा मात्र सीमित नभएर युवालाई भविश्यको सम्भावनाको ढोका खोल्ने स्थितिमा पुगेको छ। मनोरञ्जनका साथै खेलाडीबीच आपसी प्रतिस्पर्धामा रुमलिरहेको भलिबल प्रतिभावान खेलाडीको जीवन गुजारा गर्ने माध्यम बन्नसक्ने सम्भावना बढेको छ। नेपालमा पहिलोपटक उचाइको नयाँ उडान नाराका साथ यही भदौ १९ गतेदेखि सुरु हुन लागेको पुरुषको नेपाल भलिबल लिग एनभीएलले भलिबल खेललाई पनि पेसाका रूपमा स्थापित गर्दै व्यावसायिकताको नयाँ अध्याय सुरु गर्दैछ।

निजी क्षेत्रको केडिया समूह तथा नेपाल भलिबल सङ्घको सहकार्यमा आयोजित एनभिएल प्रतियोगितामा नेपाली खेलाडी विदेशी खेलाडीसँगै पारिश्रमिक लिएर विभिन्न छ वटा फ्रेन्चाइज टिममा अनुबन्धित भएका छन्। नेपाल भलिबल लिग देशको व्यावसायिक फ्रेन्चाइजमा आधारित पहिलो पुरुष भलिबल प्रतियोगिता हो। यसले भलिबल खेलको स्तर उकास्न, नयाँ प्रतिभाको खोजी गर्न तथा राष्ट्रिय खेलमार्फत देशलाई एकताबद्ध गर्ने अपेक्षा गरिएको छ। नेपालमा भलिबल खेललाई व्यावसायिक बनाएर खेलाडीहरूको यथोचित प्रगतिकालागि सघाउनु प्रतियोगिताको मूल लक्ष्य रहेको छ।

### बाढी पीडितप्रति समर्पित

भलिबल खेल अत्यन्त लोकप्रिय भएको रसुवा, नुवाकोट जिल्ला अहिले बाढी पहिरोले क्षतिग्रस्त भएको छ। विगतमा नियमित रूपमा अन्य खेलका साथै भलिबल प्रतियोगिता आयोजना हुँदै आएको रसुवामा बर्सेनि आयोजना हुने 'रेडपाण्डा' भलिबल प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन योगदान गरेको छ। नुवाकोटमा राष्ट्रियस्तरका भलिबल प्रतियोगिता आयोजना हुनुका साथै राष्ट्रिय टिममा त्यहाँका खेलाडीको प्रतिनिधित्व भइसकेको छ।

रसुवा र नुवाकोटमा नेपाल भलिबल सङ्घको जिल्ला शाखा क्रियाशील रहेका छन्। अब ती जिल्लामा जनजीवन सामान्य भई फेरि कहिले खेलकुद प्रतियोगिता सञ्चालन हुने हो कुनै टुङ्गो छैन। बाढी, पहिरोको क्षतिबाट मुलुक नै शोकाकुल अवस्थामा भएको बेला आयोजना हुन लागेको एनभिएल भलिबल प्रतियोगिता बाढीपीडितका लागि समर्पित गरिने भएको छ। प्रतियोगिताको पहिलो दिन टिकट बिक्रीबाट सङ्कलन हुने रकम बाढी पीडितका लागि प्रदान गरिने लक्ष्य राखिएको छ।

### महिला भलिबल स्थगित

भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै एभरेष्ट महिला भलिबल लिगको तेस्रो संस्करण भने स्थगित गरिएको छ। नेपालमा आयोजित एभरेष्ट महिला भलिबल लिग इभिएल प्रतियोगिता एशियाकै पहिलो व्यावसायिक महिला भलिबल लिग मानिएको छ। यो इण्डोर भलिबल फ्रेन्चाइज लिग आगामी असोज १५ गतेदेखि सुरु गरिने पूर्वनिर्धारित कार्यक्रम रहेको थियो। यसपाली स्वदेशी तथा विदेशी खेलाडीहरु सम्मिलित छ वटा टिमको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिएको थियो।

### टिमको संरचना

नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गरेका छ वटा टिम सगरमाथा स्मासर्स, मधेस वारियर्स, काठमाडौँ रेड्स, अन्नपूर्ण स्पाइकर किङ्ग्स, कर्णाली शिवराज तथा खप्तड फाल्कन्सले यो प्रतियोगितामा सहभागिता जनाउँदै छन्। प्रत्येक टिममा मुलुकको प्रतिनिधित्व गरेका एक खेलाडीलाई मार्की खेलाडीका रूपमा चयन गरिएको छ।

यसैगरी टिममा सात जना स्वदेशी खेलाडीलाई अनुबन्ध गर्नुपर्ने नियम रहेको छ। प्रत्येक टिमले 'क'स्तरका चार जना खेलाडी आफ्नो टिममा राख्न पाउने छन्। यस्तै तीन जना विदेशी खेलाडीलाई टिममा समावेश गर्न पाइनेछ। यस प्रतियोगितामा स्थानीय प्रतिभाशाली खेलाडीलाई पनि अवसर दिने लक्ष्यअनुसार हरेक टिमले छनोट शिविर सञ्चालन गरेर अनिवार्य रूपमा एक जनालाई समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

### लाखौँ पारिश्रमिक

एनभिएल भलिबलमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन्। प्रतियोगिताको आयोजनादेखि लिएर सहभागी छ वटा टिमका लागि निजी क्षेत्रका व्यापारिक समुदायबाट आवश्यक लगानी गरिएको छ। नेपाली भलिबल खेलाडीलाई एनभिएल भलिबलमा लाखौँ पारिश्रमिक लाखौँ पारिश्रमिक दिने प्रतिबद्धता व्यक्त गर्दै अनुबन्धित गरिएको छ। उनीहरुलाई अक्सनमार्फत खेलाडीको स्तरअनुसार विभिन्न श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको हो।

प्रत्येक टिममा महत्वपूर्ण खेलाडीका रूपमा चयन गरिएका मार्की खेलाडीलाई आकर्षक पारिश्रमिक दिइएको अपेक्षा गरिए पनि रकम भने घोषणा गरिएको छैन। खेलाडीको अक्सनमा 'क' श्रेणीका खेलाडीलाई रु एक लाख २० हजारसम्म तथा 'ख' श्रेणीका खेलाडीलाई रु ७० हजारसम्म निर्धारण गरिएको थियो।

यसैगरी, प्रत्येक टिमका लागि चयन गरिएका प्रमुख प्रशिक्षकलाई दिइने पारिश्रमिक पनि सार्वजनिक गरिएको छैन। विभिन्न टिमका लागि खेलाइने विदेशी खेलाडीलाई नेपाली खेलाडीभन्दा बढी पारिश्रमिकका साथै अन्य सुविधा प्रदान गरिँदैछ।

### विदेशी खेलाडीको आकर्षण

एनभिएल लिगको आकर्षण विदेशी खेलाडीको सहभागिता पनि हो। नेपाली दर्शकले विभिन्न मुलुकका खेलाडीलाई नेपाली खेलाडीका साथ टिममा देख्न पाउने छन्। यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगत रूपमा सम्पर्क हुने अवसर मिल्नुका साथै सीप सिक्ने मौका पाउने छन्। राम्रो प्रदर्शन गर्ने नेपालीका लागि भोलि विदेशी लिगमा सहभागिताको ढोका खुल्न सक्नेछ।

प्रतियोगिताको सहभागी अन्नपूर्ण स्पाइकर किङ्गसले मङ्गोलियाका तीन जना खेलाडीलाई भित्र्याएको छ। कर्णाली शिवराज टिमले पोल्याण्ड र बेलारुसका खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ भने मधेस वारियर्सले भारतीय खेलाडी एवं काठमाडौँ रेडस तथा सगरमाथा स्म्यासर्सले पाकिस्तानी खेलाडीलाई अनुबन्धित गरेका छन्। खप्तड फाल्कन्स टिमले अफ्रिकी राष्ट्र बेनिनबाट खेलाडी भित्र्याएको छ भने ब्राजिल तथा रसियाका खेलाडी ल्याइने बताइएको छ।

### दर्शकको उपस्थिति

नेपालमा भलिबल खेलप्रति विगतदेखि नै दर्शकको अभिरुचि अत्यधिक रहेको छ। नेपालका विभिन्न जिल्लामा आयोजना भएका भलिबल प्रतियोगितामा हजारौँ दर्शकको उपस्थिति हुने गरेको छ। राष्ट्रिय खेलकुद परिषद्मा हालसम्म भलिबल खेलका लागि मात्र छुट्टै खेल स्थल नभएकाले सीमित दर्शक क्षमता भएको काठमाडौँको त्रिपुरेश्वरस्थित कभर्डहलमा राष्ट्रियस्तरका प्रतियोगिता हुने गरेका छन्। सोही स्थलमा आयोजना हुने यो प्रतियोगितामा दर्शकको सङ्ख्या बढ्न जाने सहजै अनुमान गर्न सकिन्छ।

### बढ्दो फ्रेन्चाइज लिग

नेपालमा विभिन्न खेलका व्यावसायिक फ्रेन्चाइज लिग प्रतियोगिता आयोजना गर्ने क्रम बढ्दै गएको छ। निजी क्षेत्रको सक्रियतामा सम्बन्धित खेल सङ्घको सहकार्यमा यस्ता प्रतियोगिता क्रमिक रूपमा आयोजना हुँदै आइरहेका छन्। नेपालमा फ्रेन्चाइज लिगको सुरुआत क्रिकेटबाट भएको थियो। एभरेष्ट प्रिमियर लिग क्रिकेट प्रतियोगिताले नेपालमा व्यावसायिक फ्रेन्चाइज लिगको प्रारम्भ गरेको थियो तर यो प्रतियोगिता चार संस्करणसम्म सञ्चालन भएपछि बन्द भएको थियो। धनगढी प्रिमियर लिग क्रिकेट प्रतियोगितामा काठमाडौँ उपत्यका बाहिर पहिलोपटक खेलाडीको अक्सन प्रणाली सुरु गरेको थियो।

यस्तै, पोखरा प्रिमियर लिग क्रिकेट प्रतियोगिताको लोकप्रियता पनि कम छैन। नेपाल प्रिमियर लिग एनपिएल भने नेपालकै ठूलो 'ट ट्वान्टी' क्रिकेट लिगका रूपमा स्थापित हुन पुगेको छ। दुई संस्करण सफलतापूर्वक सञ्चालन भइसकेको एनपिएल यो वर्ष तेस्रो पटक आयोजना हुँदैछ। नेपाल सुपर लिग नेपालको पहिलो व्यावसायिक फ्रेन्चाइज फुटबल प्रतियोगिताका रूपमा आयोजना हुँदै आएको छ।

नेपालमा महिला भलिबलको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता एभरेष्ट वुमन्स भलिबल प्रतियोगिताको दुई संस्करण सम्पन्न भइसकेका छन्। बास्केटबल खेलतर्फ पुरुष तथा महिलाका लागि नेपाल बास्केटबल लिग पनि फ्रेन्चाइज प्रतियोगिताको रूपमा स्थापित भएको छ। यसबाहेक, कबड्डी खेलको फ्रेन्चाइज प्रतियोगिता आयोजना भइसकेको छ।

### राष्ट्रिय खेल

नेपाल सरकारले गत २०७४ साल जेठ ८ गते भलिबललाई राष्ट्रिय खेलको मान्यता प्रदान गरेको थियो। कम खर्चमा गाउँदेखि सहरसम्म सजिलै खेल सकिने यस खेलको लोकप्रियतालाई दृष्टिगत गरेर सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो। पुरुष तथा तथा महिला दुवैको समान सहभागिता रहेको भलिबल खेल स्कूल तहदेखि राष्ट्रियस्तरसम्म खेल्ने गरिएको छ।

### अन्तरराष्ट्रिय उपाधि

नेपाली भलिबल टिमले विगतमा विभिन्न अन्तरराष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ। पुरुष भलिबल टिमको तुलनामा महिला भलिबल टिमले उल्लेखनीय रूपमा उपाधि प्राप्त गरेको छ। बङ्गलादेशमा सन २०१९ मा भएको एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई लगातार सोझो सेटले पराजित गर्दै भलिबलको इतिहासमा पहिलो उपाधि हासिल गर्दै स्वर्ण पदक जितेको थियो। सन् २०२१ मा बङ्गलादेशमा सम्पन्न एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले उज्वेकिस्तानलाई फाइनलमा दुईकाविरुद्ध तीन सेटले पराजित गर्दै दोस्रो पटक उपाधि जित्न सफल भएको थियो।

नेपालको राष्ट्रिय पुरुष भलिबल टिमले सन् २०१५ मा आयोजित दक्षिण एशियाली पुरुष भलिबल च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेको थियो। यस्तै माल्दिभ्समा सन् २०१७ मा सम्पन्न एभिसी सेन्ट्रल जोन सिनियर मेन्स भलिबल च्याम्पियनसिपमामा पनि नेपालले कास्य पदक जितेको थियो।

बाँकी ३ पेजमा

## विश्व

# हर्मुज तनावले व्यापारमा जोखिम

**तेहरान, १८ भदौ ।**

इरान र संयुक्त राज्य अमेरिकाबीच पुनः सैन्य तनाव चर्किएपछि मध्यपूर्वमा युद्ध थप विस्तार हुने र हर्मुज जलघाँटीमार्फत हुने विश्वव्यापी तेल तथा व्यापारिक आपूर्तिमा गम्भीर असर पर्ने जोखिम बढेको छ। अमेरिकाले इरानी लक्ष्यमा ठूलो आक्रमण गरेको जनाएको छ भने इरानले युद्ध, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्न 'नयाँ रणनीति' अपनाउने चेतावनी दिएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार अमेरिकी सेनाले राताभर इरानी लक्ष्यमा 'धेरै भारी आक्रमण' गरेको र आवश्यक परे जुनसुकै बेला पुनः आक्रमण गर्न तयार रहेको बताए। उनले हर्मुज जलघाँटीको नाम परिवर्तन गरी 'ट्रम्प स्ट्रेट' राख्नुपर्ने सुझावसमेत दिए। उक्त जलमार्ग अहिले अमेरिकी नियन्त्रणमा रहेको उनको दाबी भए पनि पछि आफ्नो भनाइ गम्भीर नभएको सङ्केत गरेका थिए।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले अमेरिका-इजरायलको आक्रमणपछि इरानले नयाँ रणनीति अपनाएको बताएका छन्। उनले युद्धभूमि, कूटनीति र आर्थिक नाकाबन्दीको सामना गर्दै अमेरिकी आधारलाई ध्वस्त पार्ने चेतावनी दिए।

यसैबीच, अमेरिकी ऊर्जामन्त्री क्रिस राइटले इरानका आर्थिक साझेदारलाई लक्षित गरी प्रतिबन्ध विस्तार गर्ने योजना रहेको र त्यसबाट अधिकतम आर्थिक दबाब सिर्जना गरिने बताएका छन्।

मङ्गलबार इरानमा अमेरिकी बमबारी भएपछि इरानले जोर्डन, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन तथा इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई निशाना बनाएको छ।

इरानी रेड क्रिसेन्टका अनुसार दक्षिणी इरानको सिरिकमा विवाह समारोह भइरहेको स्थानमा भएको अमेरिकी आक्रमणमा एक बालकसहित चार जनाको मृत्यु भएको छ भने ५० जनाभन्दा बढी घाइते भएका छन्। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले घटनालाई युद्ध अपराधको संज्ञा दिँदै आक्रोश व्यक्त गर्नुभयो। अमेरिकी सेनाले घटनाबारे प्रत्यक्ष प्रतिक्रिया नदिए पनि सेन्ट्रल कमान्डका प्रवक्ता टिम हकिन्सले अमेरिकी सेनाले नागरिकलाई कहिल्यै निशाना नबनाउने बताए।

पछिल्लो चरणको लडाइँ आइतबार अमेरिकी सेनाले इरानी लक्ष्यमा आक्रमण गरेपछि सुरु भएको हो। त्यसपछि इरानले क्षेत्रका अमेरिकी सैन्य संरचनालाई निशाना बनाएको छ। इरानी आक्रमणका क्रममा दुई तेल ट्याङ्करमा समेत प्रहार भएको र तीमध्ये एउटामा दुई फिलिपिनो नाविकको मृत्यु भएको साउदी ढुवानी कम्पनीले जनाएको छ।

राष्ट्रपति ट्रम्पले हर्मुजमा समुद्री खानी राख्ने इरानी प्रयास र जोर्डनस्थित अमेरिकी आधारमा भएको क्षेप्यास्त्र आक्रमणको जवाफमा अमेरिकी कारबाही गरिएको बताए। हर्मुज जलघाँटीबाट यसअघि विश्वको कुल तेल आपूर्तिको करिब पाँचौँ भाग ओसारपसार हुने गरेकाले लामो अवरोधले विश्व ऊर्जा बजार र व्यापारमा थप दबाब पार्ने चिन्ता बढेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला। बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ।

**वृष** — लाभ उठाउन धेरै मिहिनेत गर्नुपरे पनि चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**मिथुन** — खर्च बढ्नुका साथै अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्याउनुपर्ला। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ।

**कर्कट** — नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ। मनग्य धनलाभ हुनाले पारिवारिक आवश्यकता पूर्ति हुनेछ।

**सिंह** — मिहिनेतले काममा उत्साह जाग्नेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ।

**कन्या** — चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रम गर्नुपर्ला। परिस्थितिवश सोचेजस्तो उपलब्धि प्राप्त नहुन सक्छ।

**तुला** — पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ। हल्लाको पछि लाग्दा दुःख पाइनेछ। तर समस्या दर्साउँदा शुभचिन्तकले साथ दिनेछन्।

**वृश्चिक** — दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। परिवेश उल्लासमय रहनेछ। व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ।

**धनु** — रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला।

**मकर** — परिस्थितिवश चिताएको काममा अलमल हुनेछ। कामको मेसो नमिल्दा योजना पूर्ण नहुन सक्छ। हल्लाको पछि लाग्दा दुःख पाइनेछ।

**कुम्भ** — परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। हतारको निर्णयले काम बिग्रन सक्छ। महत्त्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन्।

**मीन** — उद्योग र व्यापारमा विशेष फाइदा हुने समय छ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ।

बाढीपहिरोले ३ खर्ब ८७ अर्बको क्षति :

# चार महिनाको पुनःस्थापनाका लागि ७ अर्ब ९५ करोड आवश्यक

**प्रभुराम पाण्डे**
**काठमाडौं, १८ भदौ ।**

भोटेकोशी तथा त्रिशूली बाढीपहिरोबाट विभिन्न क्षेत्रमा प्रारम्भिक रूपमा ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँ बराबरको क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा भवन, सडक, कृषि, पशुपन्छी, बैंक तथा वित्तीय संस्था, दूरसञ्चारलगायत क्षेत्रमा गरिएको प्रारम्भिक मूल्याङ्कनबाट उक्त क्षति देखिएको जानकारी दिए ।

प्रारम्भिक क्षतिको तुलनामा अबको चार महिनाभित्र आवश्यक पर्ने अर्ली रिकभरी (प्रारम्भिक पुनःस्थापना) का लागि ७ अर्ब ९५ करोड रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । उप्रेतीका अनुसार भवन निर्माण, बस्ती तथा बसोबास, पुल, स्वास्थ्य तथा पोषण, शिक्षा, कृषि तथा पशुपन्छी, ऊर्जा र दूरसञ्चारलगायत क्षेत्रलाई समेटेर चार महिनाको आवश्यकता पहिचान गरिएको हो ।

'हामीले अर्ली रिकभरीअन्तर्गत अबको चार महिनासम्म भवन निर्माण, बस्ती तथा बसोबास, पुल निर्माण, स्वास्थ्य तथा पोषण, शिक्षा, कृषि तथा पशुपन्छी, ऊर्जा तथा दूरसञ्चारलगायत सबै क्षेत्रमा कति खर्च लाग्छ भनेर अध्ययन गरेका थियौं,' उनले भने, 'प्रारम्भिक अनुमानअनुसार चार महिनाभित्रको अर्ली रिकभरीका लागि ७ अर्ब ९५ करोड रुपैयाँ बराबरको आवश्यकता देखिएको छ ।'



**११४ जनाको सीमा क्षेत्रबाट उद्धार**

यसैबीच, उत्तरी चीन सीमा क्षेत्रबाट ११३ नेपाली र एक चिनियाँ नागरिक गरी ११४ जनाको सकुशल उद्धार गरिएको प्राधिकरणले जनाएको छ । उनीहरूलाई उद्धार गरी काठमाडौं ल्याउने काम भइरहेको उप्रेतीले बताए । उनका अनुसार अर्को स्थानबाट पनि कम्तीमा २० जनालाई सकुशल उद्धार गरिएको छ ।

'उत्तरी क्षेत्र, चीन सीमा क्षेत्रबाट उद्धार भएर ११३ जना नेपाली र एक जना चिनियाँ नागरिक गरी जम्मा ११४ जना सकुशल उद्धार भई आज काठमाडौं फर्किँदै हुनुहुन्छ,' उप्रेतीले भने, 'साथै, कम्तीमा २० जना मानिस पनि अर्को ठाउँमा सकुशल बसिरहेको अवस्थाबाट हामीले उद्धार गरिसकेको अवस्था छ ।'

**टनेलमा फसेकाको उद्धार जारी**

बाढीका कारण विभिन्न स्थानमा मानिस फसेको आशंकामा खोज तथा उद्धार अभियानलाई निरन्तरता दिइएको प्राधिकरणले जनाएको छ ।

विशेषगरी टनेलमा फसेकाको उद्धारका लागि अपरेसन जारी रहेको उप्रेतीले बताए । जीवितै उद्धार गर्न सकिने आशासहित टोली परिचालन भइरहेको उनको भनाइ छ ।

'टनेलको अपरेसनलाई पनि निरन्तरता दिएका छौं । अझै पनि जीवितै उद्धार होस् भन्ने आशा र कामना गर्दछौं,' उनले भने ।

उनका अनुसार हवाई उद्धार, खोजी तथा शव संकलनका लागि दैनिक १० देखि १२ वटासम्म हेलिकप्टर परिचालन भइरहेका छन् ।

'प्रत्येक दिन १०-१२ वटा हेलिकप्टर उडानमार्फत खोज, उद्धार तथा शव संकलन कार्य अगाडि बढिरहेको छ,' उनले भने ।

**२१ वटा शिविरमा राहत ढुवानी**

प्राधिकरणका अनुसार काठमाडौंबाट विभिन्न २१ वटा तथा थपिएका शिविरमा खाद्य तथा राहत सामग्री ढुवानी भइरहेको छ ।

भौगोलिक कठिनाइका कारण कतिपय प्रभावित क्षेत्रमा राहत सामग्री पुग्न नसकेको गुनासो आएपछि त्यसलाई सम्बोधन गर्न थप प्रयास भइरहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले तत्काल उद्धार र राहतसँगै प्रभावित क्षेत्रको पुनःस्थापनालाई पनि प्राथमिकतामा राखेको छ । प्राधिकरणले सार्वजनिक गरेको ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँको क्षति प्रारम्भिक क्षेत्रगत मूल्याङ्कनमा आधारित रहेको जनाएको छ ।

उप्रेतीका अनुसार प्रारम्भिक तथ्याङ्कलाई विस्तृत क्षति मूल्याङ्कन तथा विपद्पछिको आवश्यकता मूल्याङ्कनमार्फत थप स्पष्ट पारिनेछ । यसबाट बाढीपहिरोले पुऱ्याएको वास्तविक भौतिक तथा आर्थिक क्षति, प्रभावित क्षेत्रको पुनःस्थापनाका लागि आवश्यक स्रोत तथा दीर्घकालीन पुनर्निर्माणको लागत थप स्पष्ट हुने प्राधिकरणको भनाइ छ । भोटेकोशी तथा त्रिशूली बाढीले एकातर्फ तत्काल उद्धार र राहतको चुनौती थपेको छ भने अर्कोतर्फ ठूलो आर्थिक क्षतिपछि प्रभावित बस्ती, पूर्वाधार, कृषि, ऊर्जा, सञ्चार तथा सामाजिक क्षेत्रको पुनःस्थापनाका लागि ठूलो स्रोत परिचालन गर्नुपर्ने अवस्था देखिएको छ ।

# कहिले छान्लान बमुख्यमन्त्री शाहीले आफ्नो सरकारको प्रवक्ता ?

**युग संवाददाता**
**सुर्खेत, १८ भदौ ।**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संसदीय दल कर्णाली प्रदेश सभाका नेता मंगलबहादुर शाही मुख्यमन्त्रीमा नियुक्त भएको डेढ महिना पुग्ना लाग्दा पनि आफू नेतृत्वको प्रवक्ता चयन गर्न असफल बनेका छन् ।

कर्णाली प्रदेशको पाँचौ मुख्यमन्त्रीको रुपमा उनी साउन १२ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । संविधानको धारा १६८ (२) अनुसार उनले प्रदेश प्रमूख यज्ञराज जोशीसमक्ष दाबी पेश गरेका थिए । उनको पक्षमा नेकपाका र नेकपा एमालेका प्रदेश सभा सदस्यले हस्ताक्षर गरेका थिए ।

कर्णाली प्रदेश सभामा नेकपाका १४ सांसद छन भने एमालेका सभामुखसहित १० सांसद रहेका छन् । ७ सदस्यीय कर्णालीको मन्त्रीपरिषद्मा भदौ ३ गते उनले एमालेबाट ३ जनालाई मन्त्री नियुक्त गरेका थिए । एमालेबाट आर्थिक मामिला तथा योजनामन्त्रीमा टेकराज पछाई, सामाजिक विकास मन्त्रीमा जीतबहादुर मल्ल र जलस्रोत तथा ऊर्जा विकासमन्त्रीमा कलबहादुर हमाल नियुक्त भएका भएका थिए ।

## अझै...

सहयोग लिएर आफैँ उद्धार गर्छौं भन्दा पनि सरकारले गर्न नदिएको दाबी गरे ।

भट्टराईले भने, 'लाङटाङको सुरुङ अन्यको जस्तो ठूलो छैन । एक दुई सय मिटर लामो टनेलमा अक्सिजन पर्याप्त हुन्छ । यस्ता खालका सुरुङ बाढी वा अन्य कारणले थुनिएको खण्डमा मान्छे धेरै दिनसम्म पनि बाँच्ने चान्स हुन्छ । हामीले उद्धारका लागि अनुरोध गरेको गऱ्यै गर्‍यौँ, खै किन हो सरकारले गम्भीर रूपमा लिएन । ६ दिनमा आएको रेस्क्यु टिमले पनि केही गर्न सकेन । अहिले आफ्नै म्यानपावर लगाएर सुरुङमा फसेकाहरूको उद्धार गर्न सुरु गरेका छौं ।' उनले बुधबारबाट सुरुङमा पसेका आयोजनाका हाइड्रोमेकानिकल इन्जिनियरहरुले सुरुङमा प्वाल पारेपछि नेपाली सेनाले दुई जनाको शव निकाल्न सफल भएको बताए ।

बिहिवार आयोजनाका प्राविधिकहरुले पेनस्टक पाइपबाट एक सय ५० मिटर भित्र छिरेर सुरुङ खोलेका थिए । भट्टराईले सरकारी उद्धार टोलीले सुरुङमा ढुंगा, लेदोसहितको माटो र पानीका कारण उद्धार गर्न नसक्ने बताएपछि बुधबार आयोजनाका हाइड्रोमेकानिकल इन्जिनियरहरुसहितको ७-८ जनाको टोली पेनस्टकबाट छिरेर सुरुङमा उद्धार कार्य सुरु गरेको थियो ।

यसअघि सरकारी उद्धार टोली लाङटाङको सुरुङमा करिव एक सय मिटर भित्र पुगेको थियो । तर, सुरूङमा ढुंगा, माटो र लेदो भरिएपछि सरकारी उद्धार टोली अगाडि जान नसकिने निष्कर्षसहित बाहिर निस्किएको थियो । सरकारी उद्धार टोलीको डेग नचलेपछि आयोजनाले बुधबार आफ्ना प्राविधिकहरुलाई सुरुङमा पसाएको थियो । सरकारले आयोजानका प्रवर्द्धक र परामर्शदाता कम्पनीलाई उद्धारको अनुमति समयमै नदिदा लाङटाङमा मात्र होइन बाढी प्रभावित सुरुङमा फसेकाहरु जिवित फर्कने आशा भने अब साघुरो बन्दै गएको छ ।

उद्धारले गति लिएको खण्डमा परिवारका सदस्यहरूले आफ्ना मान्छे जीवित फर्कन सक्ने झिनो आशा पालेर बसेका छन् । निर्माणाधीन त्रिशूली-३ बी जलविद्युत् आयोजनाको सुरुङभित्र थुनिएका बझाङको जयपृथ्वी नगरपालिका-८ स्थायी घर भई हाल चन्द्रागिरी नगरपालिका-१० बस्दै आएका हेमन्तराज जोशीकी श्रीमती हृदयश्वरी जोशीले आठ दिनयता श्रीमान् जीवितै फर्कने आशा मारेकी छैनन् ।

उनका श्रीमान् हेमन्तराज जोशी निर्माणाधीन त्रिशूली- ३ बी जलविद्युत् आयोजनामा इन्जिनियरका रूपमा कार्यरत थिए । उनले सरकारसँग सुरुङमा फसेका श्रीमान्को चाँडो उद्धार गरिदिन हार गुहार गरिरहेकी छन् । 'म मात्रै होइन, मजस्ता पीडामा परेका अरु परिवार पनि छन् । सबैका आफन्त छन्, सबैका घरमा मानिसहरू पर्खिरहेका छन् । उनीहरूलाई राज्यले तत्काल सुरुङबाट निकालोस्,' उनले भनिन् ।

**के छ सुरुङी उद्धारको प्रगति ?**

उद्धारको नेतृत्व गरिरहेको नेपाली सेनाका अनुसार बिहिवार लाङटाङ हाइड्रोमा विदेशीसहित २५ जनाको संयुक्त खोज तथा उद्धार टोलीले टनेलभित्र करिब एक सय ५० मिटरसम्म प्रवेश गरी दुई स्थानमा सानो-सानो होल बनाई खोजी कार्य गरिरहेको जनाएको छ । त्यस्तै, चिलिमे हाइड्रोमा विदेशीसहितको संयुक्त टोलीले खोज तथा उद्धारको कार्य गरिरहेको छ ।

त्रिशूली ३ ए मा ९३ जनाको संयुक्त उद्धार टोलीले पाँच वटा डोजरको प्रयोग गरी रातभर टनेलको आउटलेटमा भरिएको लेदो र माटो हटाउने काम गरिएको छ । साथै, आउटलेटको होललाई ठुलो बनाउन सुरुङको माथिल्लो भागमा ब्लाष्टिङ्ग गरी सफा गर्ने कार्य भइरहेको नेपाली सेनाले फेसबुकमार्फत जानकारी दिएको छ ।

त्यस्तै, त्रिशूली-३ बीमा नेपाली सेनाका ८९, गैरसैनिक तीन र आयोजनाका प्रबन्ध निर्देशक सहितको संयुक्त उद्धार टोलीले आयोजनाको कार्यालय र निवास पहिचान गरी खोजि कार्य जारी राखेको छ । उर्जा उत्पादनको हव मानिने रसुवा र नुवाकोट जिल्लामा भोटेकोसीको बाढीले सञ्चालनमा रहेका आठ र निर्माणाधीन चार गरी १२ जलविद्युत् आयोजना रहेकोमा ११ वटामा ठूलो क्षति पुऱ्याएको छ, जसमा दुई सय ८१ मेगावाटका आयोजना सञ्चालनमा थिए भने तीन सय ८८ मेगावाटका आयोजनाहरू निर्माणाधीन अवस्थामा थिए ।

रसुवा र नुवाकोट जिल्लामा रहेका आयोजनाबाट उत्पादन हुने ६ सय ६९ मेगावाट बिजुली बाढीबाट प्रभावित भएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले उपलब्ध गराएको तथ्यांकअनुसार क्षतिग्रस्त ११ वटा सञ्चालित र निर्माणाधीन जलविद्युत् गृहका टनेलमा सयौँ कामदार र प्राविधिकहरू फसेका छन् ।

जलविद्युत् परियोजनामा फसेका मध्ये हालसम्म ३ सय ६१ जनाको उद्धार गरिएको छ भने नौ सय ४७ जना अझै हराइरहेका छन् । रसुवामा निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली- १ मा पाँच सय ७६, एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनामा ९३, एक सय २० मेगावाटको रसुवा-भोटेकोसीमा कार्यरत चार जना सम्पर्कविहीन छन् । त्यस्तै, परीक्षणको चरणमा रहेको २० मेगावाटको लाङटाङ खोलामा २५, २२ मेगावाटको चिलिमेमा आठ, पाँच मेगावाटको मैलुङ खोलामा सात जना सम्पर्कविहीन रहेको इप्पानले जनाएको छ ।

नुवाकोटमा सञ्चालनमा रहेका र निर्माणाधीन गरी ६ आयोजनामा एक सय ६८ जना सम्पर्कविहीन छन्, जसमा २४ मेगावाटको त्रिशूली जलविद्युत्मा एक, १४.१ मेगावाटको देवीघाटमा एक, ६० मेगावाटको माथिल्लो त्रिशूली-३ ए मा ४२, ३७ मेगावाटको माथिल्लो त्रिशूली-३ बी मा एक सय २२, १५.६ मेगावाटको मिडल त्रिशूली गंगा जलविद्युत् आयोजनाका दुई जना सम्पर्कविहीन छन् ।

**मृतकको संख्या १२ सय नाघ्यो**

विनाशकारी बाढीपछि अझै चार हजार दुई सय १६ जना सम्पर्कविहीन छन् । बाढीमा परी हालसम्म मृत्यु हुनेको संख्या एक हजार दुई सय ५२ पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार रसुवामा एक सय २७, नुवाकोटमा एक सय ७७, धादिङमा ६०, गोरखामा ६९, नवलपरासी पूर्वमा दुई सय १८, नवलपरासी पश्चिममा दुई सय आठ, तनहुँमा ३८ र चितवनमा तीन सय ५५ जनाको शव फेला परेको छ ।

हवाई उद्धारलाई उच्च प्राथमिकता दुर्गम तथा सडक सम्पर्क विच्छेद भएका क्षेत्रमा उद्धार तथा राहत सामग्री पुऱ्याउन नेपाली सेनाले हवाई उद्धारलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ । सेनाले हालसम्म चार हजार ९१ नेपाली र दुई सय ७३ विदेशी नागरिकको हवाई उद्धार गरेको जनाएको छ ।

खोज तथा उद्धारका क्रममा नेपाली सेनाले हालसम्म सात सय १५ पटक हवाई उडान गरेको छ । सडक सम्पर्कविच्छेद भएका र दुर्गम क्षेत्रमा हवाई माध्यमबाट उद्धारसँगै राहत सामग्री पुऱ्याउने काम जारी रहेको प्राधिकरणले जनाएको छ । भोटेकोसी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि राज्यका सुरक्षा निकाय, स्थानीय तह र विभिन्न सरकारी तथा गैरसरकारी निकाय निरन्तर उद्धार, उपचार र राहत व्यवस्थापनमा सक्रिय छन् ।

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा स्याक नेपालको १ लाख २१ हजारबढी सहयोग

**युग संवाददाता**
**सुर्खेत, १८ भदौ ।**

रसुआमा आएको विनासकारी बाढीबाट प्रभावित भएकाहरूलाई उद्धार तथा राहत पुऱ्याउने उद्देश्यले समाज जागरण केन्द्र (स्याक) नेपाल सुर्खेतले 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा आर्थिक सहयोग हस्तान्तरण गरेको छ ।

संस्थाले रु १,२१,१२१ (एक लाख एकाइस हजार एक सय एकाइस) रकम बैंकिङ्ग प्रणालीमार्फत उक्त कोषमा जम्मा गरेको हो । स्याक नेपालका अनुसार संस्थाका कार्यसमिति सदस्य तथा कर्मचारीहरूको स्वेच्छिक योगदानबाट उक्त रकम सङ्कलन गरी कोषमा जम्मा गरिएको हो ।

बाढीले निम्त्याएको प्राकृतिक विपद्का कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको भन्दै संस्थाले गहिरो दुःख व्यक्त गरेको छ । संस्थाका अध्यक्ष मीना कुमारी तिवारी (शर्मा) र कार्यकारी निर्देशक टीकाराम आचार्यद्वारा जारी विज्ञप्तिमा बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकमा परेका परिवारजनमा समवेदना प्रकट गरिएको छ ।

साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सरकारलाई तत्काल उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका कामलाई प्रभावकारी रूपमा अघि बढाउन अनुरोध गरिएको छ । विपद्को यस कठिन घडीमा एक जुट भई प्रभावित नागरिकको जीवनरक्षा, सम्मान र अधिकार सुनिश्चित गर्नका लागि स्याक नेपालले सबै पक्षसँग हार्दिक अपिलसमेत गरेको छ ।

## व्यावसायिकताको ...

केही सातापछि जापानमा हुने बिसौँ एशियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय भलिबल टिमले पनि प्रतिस्पर्धा गर्दैछ । भुटानमा जारी काभाबीच भलिबल प्रतियोगितामा पनि नेपालको तर्फबाट पुरुष तथा महिलाको चार बेग्लाबेग्लै टिमले प्रतिस्पर्धा गर्दैछन् ।

समष्टिमा एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुनेछ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जानेछ । मुलुकको खेलकुद विकासका लागि सरकारको मात्र भरपर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ । नेपालमा हाल आयोजना हुँदै आइरहेका विभिन्न फेन्चाइज प्रतियोगिता प्रायः राजधानी काठमाडौँमा मात्र सीमित रहेका अवस्थामा यसलाई राजधानी बाहिर पनि विस्तार गर्न सकिएका खण्डमा ओझेलमा परेका अन्य प्रतिभाशाली खेलाडी पनि लाभान्वित हुनसक्ने आकलन गर्न सकिन्छ ।

यसैगरी, खेलकुदप्रेमी स्वदेशी तथा विदेशीको संयुक्त सहभागिता रहेको टिमको स्तरीय प्रतियोगिता हेर्ने अवसरबाट लाभान्वित हुनसक्ने थिए । यस्ता प्रतियोगिताको आयोजनाबाट विभिन्न जिल्लामा खेलकुदका पूर्वाधार निर्माण हुनुका साथै फेन्चाइज प्रतियोगिताका लागि लगानीका नयाँ सम्भावना खोज्न सघाउ पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ ।

## शिलबन्दी दरभाउपत्र मागको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१९)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो । CARE Nepal र iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल, लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ । तपशिल अनुसारका सामाग्रीहरु आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्रलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ । म्याद नाघी आएका, रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन । शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन ।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट १ बजे सुन्दर नेपाल संस्थाको खरीद समिती र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ । यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खण्डमा पनि दरभाउपत्र खोलिनेछ । तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ ।

**आवश्यक सामाग्रीहरु अनुमानित परिमाणमा :**

(१) कुखुराको अण्डा मिडियम साइज ८०० क्रेट
(२) मुङ्ग दाल ८०० किलो
(३) घिउ १ वा आधा किलोको बट्टामा ८०० किलो
(४) झोला नाइलन वा फाइबरको स्क्रिन प्रिन्ट सहित ८०० वटा

माग परिमाणमा १५ प्रतिशत सम्म घट बढ हुनसक्ने छ ।
फाराम बुझाउने अन्तिम मिति २०८३।०५।२५ गते ५ बजेसम्म हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**

**सुन्दर नेपाल संस्थाको कार्यालय**
**आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०**

## शिलबन्दी दरभाउपत्र मागको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१९)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो । CARE Nepal र iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल, लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भइरहेको छ । पोषण परियोजनाले स्वास्थ्य आमा समुहका सदस्यहरुलाइ किसान कार्ड मार्फत पोषण बगैचा निर्माणका लागी जैलवायुमैत्री जैविक कृषी प्रविधी, विउविजन, पशुपंछी र दानाहरु वितरण गर्ने भएकोले तपशिल अनुसारका सामाग्रीहरु आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता, उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्रलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ । म्याद नाघी आएका, रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन । शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ ।

शर्तहरुः

१.शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन ।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट १ बजे सुन्दर नेपाल संस्थाको खरीद समिती र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ । यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खण्डमा पनि दरभाउपत्र खोलिनेछ । तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

उल्लेखित कार्यक्रम अन्तर्गत स्वास्थ्य आमा समूहसँग आवद्ध भएका लक्षित समुदायका आमाहरुलाई पोषणयुक्त खानाको स्रोतमा पहुँच बढाउन घरायसी पोषण बगैंचाको निर्माण गर्नका लागि तरकारीको विउ, जैविक विषादी, जैविक मल, कृषि औजार तथा उपकरण खरिद गर्न परियोजनाले किसान कार्ड मार्फत आमाहरुलाई आर्थिक सहयोग गर्ने योजना गरेको छ । यसर्थ सम्बन्धित नगरपालिका र गाँउपालिका भित्र अवस्थित आमाहरुलाई किसान कार्ड मार्फत उल्लेखित सामग्रीहरु उपलब्ध गराउन इच्छुक र प्रचलित कानून बमोजिम दर्ता भई नियमित नविकरण भएका फर्म वा एग्रोभेटहरुलाई समयभित्र आवेदन पेश गर्न यो सार्वजनिक सूचना आह्वान गरिएको छ ।
फाराम बुझाउने अन्तिम मिति २०८३।०५।२५ गते ५ बजेसम्म हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**

**सुन्दर नेपाल संस्थाको कार्यालय**
**आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०**

# जनताको सुरक्षा गर्ने प्रहरी दशकौंदेखि आफैं असुरक्षित !



**युग संवाददाता**
**सुर्खेत, १८ भदौ ।**

हो, तपाईले ठिक पढ्नुभयो । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा चार लाख भन्दा बढी नागरिकको बसोबास छ। यी सबै नागरिकको सुरक्षा गर्ने जिम्मेवारी नगर प्रहरीको हो। तर ती नागरिकको सुरक्षा गर्ने प्रहरी नै दशकौं देखि असुरक्षित भन्दा अनर्थ नलाग्ला।

नगर प्रहरी कार्यालय वीरेन्द्रनगरको मुटु मानिने वडा नम्बर छ मा रहेको छ। सहायक ईन्सपेक्टरको दरवन्दी रहेको नगर प्रहरी कार्यालयमा हाल ४५ जना कार्यरत छन्। तत्कालिन जिल्ला विकास समितिको भवनमा दशकौंदेखि बस्दै आईरहेको नगर प्रहरी भवन दिनप्रतिदिन जीर्ण बन्दै गईरहेको छ।

भवनमा तलमाथी गरेर आठ ओटा कोठा छन्। माथिका चार ओटै कोठा पानी पर्दा चुहिन्छन भने घर चिराचिरा परेको अवस्थामा ठिङ्गिङ्ग ठडिएको छ। न घेरबार छ, नत भवन सुरक्षित छ। सानो भूकम्पको धक्का आएको खण्डमा उक्त भवन भत्किने अवस्थामा रहेको छ।

नजिकै नगरपालिका छ, नजिकै प्रदेश सरकार छ। न त नगरपालिकाले जग्गा प्रहरीलाई उपलब्ध गराई दिएको छ, न त त्यस्तो जीर्ण भवन देख्दा देख्दे प्रदेश सरकारले नयाँ भवन निर्माणमा रुचि देखाएको छ।

प्रहरीको नाममा जग्गा भएको भए आजसम्म त्यहाँ भवन ठडिसक्थ्यो। २०७४ सालमा उपप्रमूख बनेकी मोहनमाया ढकाल हाल नगर प्रमूख छिन्। दैन्दिन उक्त बाटो हिँड्ने प्रमूख ढकालले हालसम्म भवनको जोखिम बारे कुनै चासो लिएको पाइएको छैन। उसो त, उक्त भवनमा हाल १२ जना मात्रै बस्ने गरेका छन्। बाँकी प्रहरीहरु भने नजिकै कोठा लिएर बसेका छन्।

नगरप्रहरीले खानेपानीको धारा हालसम्म पाउन सकेको छैन। जारको पानी किनेर खाइरहनुपर्ने बाध्यता छ भने नुहाउनका लागि वाथरुम छैन। शौचालय भने छ। खाना बनाउने एक कोठा छ। त्यो कोठा टिनले छाइएको छ भने भान्सा हेसिक्नु छैन। न फर्निचर छ, न त गतिलो बस्ने ठाउँ छ। खाना खानेबेला उक्त मेसमा प्रहरीहरु उभिएरै खाने गर्दछन्। अर्थात जनताको सेवा गर्ने प्रहरी कुन दिन प्राकृतिक विपत्तिको 'धराप' मा पर्ने हो थाहा छैन।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी ठाकुरसिंह पोखरेलले नगरप्रहरीका लागि नगरपालिकामा बारम्बार पत्र पठाइएको बताए। 'हामीले पत्र पठाएका छौँ। हाम्रो नाममा जग्गा छैन। भवन जीर्ण रहेको सबैलाई थाहा छ।' उनलेभने, 'यदि नगरपालिकाले जग्गा दिएको भए हामी प्रहरी प्रधान कार्यालयमा आवश्यक बजेट माग गरेर भएपनि भवन निर्माण गरिसक्थ्यौं।'

# खाँडाचक्रले सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर सञ्चालन गर्दै

**प्रभुराम पाण्डे**
**कालिकोट, १८ भदौ ।**

खाँडाचक्र नगरपालिकाले नगरपालिकाभन्दा बाहिर विभिन्न जिल्लामा बसोबास गर्दै आएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई लक्षित गरी सामाजिक सुरक्षा भत्ता दर्ता तथा नवीकरण शिविर सञ्चालन गर्ने भएको छ।

नगरपालिकाको वडा नं १ देखि ११ सम्मका स्थायी बासिन्दा भए पनि रोजगारी तथा अन्य कामको सिलसिलामा सुर्खेत, बाँके, कैलाली र बर्दिया जिल्लामा बसोबास गर्दै आएका लाभग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गर्न लागिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले जारी गरेको सूचनाअनुसार सुर्खेतको एरिचौकमा भदौ २१ र २२ गते, बाँकेको कोहलपुर चौराहामा भदौ २३ गते तथा कैलाली-बर्दियाको कर्णाली चिसापानी पुल नजिक भदौ २४ र २५ गते शिविर सञ्चालन हुनेछ।

पाँच दिन चार स्थानमा सेवा दिने बताईएको छ। नगरपालिकाका अनुसार सुर्खेतमा दुई दिन, बाँकेमा एक दिन तथा कैलाली-बर्दिया क्षेत्रमा दुई दिन गरी पाँच दिनसम्म शिविर सञ्चालन हुनेछ। नगरपालिकाले सम्बन्धित लाभग्राहीलाई तोकिएको मिति र स्थानमा आवश्यक कागजातसहित स्वयं उपस्थित भएर सेवा लिन आग्रह गरेको छ।



शिविरमा सहभागी हुने लाभग्राहीले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, राष्ट्रिय परिचयपत्रको प्रतिलिपि र सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि अनिवार्य रूपमा साथमा लैजानुपर्नेछ। त्यस्तै, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको राष्ट्रिय परिचयपत्रको प्रतिलिपि, विधवाको हकमा मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपिसहित आवश्यक कागजात तथा अपाङ्गता भएका लाभग्राहीका लागि अपाङ्गता परिचयपत्र र जन्मदर्ताको प्रतिलिपि आवश्यक पर्ने नगरपालिकाले जनाएको छ।

खाँडाचक्र नगरपालिकाका नगर प्रमुख कमल बहादुर शाहीले नगरपालिकाबाहिर रहेका नागरिकलाई पनि स्थानीय सरकारको सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले शिविरलाई निरन्तरता दिइएको बताए। उनका अनुसार नागरिकलाई सेवा लिनकै लागि टाढाबाट नगरपालिकाको कार्यालयसम्म आउनुपर्ने बाध्यता कम गर्न गत वर्षदेखि सुरु गरिएको अभियानलाई यस वर्ष पनि निरन्तरता दिइएको हो।

"जनताको सरकार भनेकै स्थानीय सरकार हो। नागरिक जहाँ रहे पनि स्थानीय सरकारको सेवा पाउने वातावरण निर्माण गर्नु हाम्रो दायित्व हो," नगर प्रमुख शाहीले भने, "गत वर्ष सञ्चालन गरिएको शिविरबाट लाभग्राहीले सहज रूपमा सेवा पाएका थिए। सोही अनुभवका आधारमा यस वर्ष पनि नगरपालिकाभन्दा बाहिर रहेका लाभग्राहीलाई लक्षित गरी शिविर सञ्चालन गरेका हौँ।"

नगर प्रमुख शाहीले लक्षित लाभग्राहीलाई तोकिएको मिति र स्थानमा आवश्यक कागजातसहित उपस्थित भई सेवा लिनसमेत आग्रह गरेका छन्। सामाजिक सुरक्षा भत्ता नवीकरण तथा दर्तासम्बन्धी थप जानकारीका लागि नगरपालिकाका एमआईएस अपरेटर कलम बहादुर शाही, भिमप्रसाद पाण्डे र धिरेन्द्र बहादुर शाही सँग सम्पर्क गर्न सकिने जनाइएको छ।

# भोटेकोशी बाढी : कञ्चनपुरबाट एक करोड ३२ लाख बढी सहयोग

**युग संवाददाता**
**कञ्चनपुर, १८ भदौ ।**

भोटेकोशी बाढीबाट प्रभावितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि कञ्चनपुरबाट रु एक करोड बराबरको सहयोग प्रदान गरिएको छ। जिल्लाका विभिन्न स्थानीय तह, सङ्घसंस्था र व्यक्तिबाट सङ्कलन गरिएको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ।

जिल्लाको शुक्लाफाँटा नगरपालिकाले रु सात लाख कोषमा जम्मा गरेको नगरपालिकाका नगर प्रमुख रणबहादुर महराले जानकारी दिए। त्यसैगरी, सुदूरपश्चिम विश्वविद्यालयले रु ८८ लाख बराबरको रकम राहत कोषमा प्रदान गरेको विश्वविद्यालयका उपकुलपति किसनदत्त भट्टले बताए। उनका अनुसार उपकुलपतिले एक महिनाको तलब, प्राध्यापक तथा कर्मचारीले १० दिनसम्मको र अन्य तहका कर्मचारीले दुईदेखि सात दिनसम्मको तलब रकम कट्टा गरी कोषमा रकम जम्मा गरिएको छ। कञ्चनपुर उद्योग वाणिज्य सङ्घले बाढीबाट प्रभावितको लागि रु पाँच लाख २५ हजार राहत कोषमा जम्मा गरेको छ। सङ्घका अध्यक्ष दिनेश मल्लले बाढीबाट प्रभावितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले सहयोग गरेको बताए।

## संसदमा...

वटा टनेलमध्ये दुईवटा टनेलमा बल्ल उद्धार टोली पुगेको छ। पाँच वटा टनेलमा अहिलेसम्म केही भएको छैन,' उनले भने। उनले विज्ञहरूसँग छलफल गर्न प्रधानमन्त्रीले ढिलाइ गरेको बताए। यस्तै, सत्तारुढ दल राष्टिय स्वतन्त्र पार्टी (रास्वपा) का रास्वपा सांसद दीपक बोहराले बाढीमा हराएका व्यक्तिहरूको खोजीमा सरकारले तदारुकता देखाउनुपर्ने बताए।

उनले खोजी कार्यमा ढिलाइ भएको हो कि भन्ने प्रश्न उठेको बताए। 'कञ्चनपुर विनोद प्रसाद पाण्डे त्रिशूली थ्री ए मा हुनुहुन्छ। त्रिशूली थ्री 'ए'मा खोल्न मिल्ने हो कि नमिल्ने हो ? सरकारले सक्ने हो कि होइन ? त्यो सुरुङमा मान्छे जीवित छन् कि छैनन्, कसले भन्दिने हो खासमा ? विदेशीहरू कोही सहयोग चाहिने हो कि ? कताबाट आउने हो कि ? सरकारले बताइदिनपऱ्यो,' उनले भने। यस्तै, नेपाली कांग्रेसका सांसद खड्कबहादुर बुढाले पनि सुरुङ उद्धारमा राज्यले गम्भीर भुल गरेको तर्क गरे।


GMB
GMBS
Cafe, Bakery & Restaurant
कर्मचारी आवश्यकता
हाम्रो प्रतिष्ठित संस्थाको लागि देहाय बमोजिमका पदहरुमा कर्मचारी आवश्यक परेकोंले आवेदन आहान गरिन्छ।
कुक - २ जना
किचेन हेलपर - १ जना
हाउसकिपिङ (महिला) - १ जना
इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क नं.
083-524831, 9816575525, 9848047683

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई हेमराज बुढा
Bhawani Auto Workshop, Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।